# CHANDRAGIRI HILLS LIMITED

## आर्थिक वर्ष २०७८ /०७९ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

**अनुसूची-१४**

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

### १. वित्तीय विवरण :-

(कम्पनीको हिसाब किताब इस्वी सम्बत्मा लेखांकन गरिने भएको हुँदा आर्थिक वर्ष २०७८/०७९ (२०२१/२०२२) को १ अप्रिल २०२२ देखि १६ जुलाई २०२२ सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ।

(क) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-
आर्थिक बर्ष २०७८/०७९ अर्न्तगत कम्पनीको (१६ जुलाई २०२२ सम्मको) चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरणहरु अनुसूचि १ मा प्रस्तुत गरिएको छ।
चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको।

(ख) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधि, १६ जुलाई २०२२ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

| विवरण | चौथो त्रैमासिक अवधि १६ जुलाई २०२२ को अन्त्यमा (लेखापरीक्षण नभएको) | तेश्रो त्रैमासिक अवधि ३१ मार्च २०२१ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत बर्षको चौथो त्रैमासिक अवधि १५ जुलाई २०२१ को अन्त्यमा अन्त्यमा (लेखापरीक्षण भएको ) |
|---|---|---|---|
| ऋण पूँजीको अनुपात | २.०७ | २.२० | २.१७ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | ०.०२ | (०.०३) | (०.२४) |
| प्रति शेयर आम्दानी (रु) | १.६७ | (१.९२) | (१७.७८) |
| प्रति शेयर नेटवर्थ (रु) | ७४.२९ | ७०.७० | ७३.१२ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २३४.७७ | २३३.४७ | २४१.२६ |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | १०४९.९० | १३२५ | १५०५ |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | ६२९.७१ | (६९१.३७) | (८४.६७) |
| चालु अनुपात | २.९९ | २.५० | २.५४ |

### २. व्यवस्थापकीय विश्लेषण :-

(क) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक समीक्षा अवधिमा कम्पनिको आर्थिक कियाकलापा तुलनात्मक रुपमा राम्रो रहन गयो। यस अवधीको पहिलो महिना देखि नै आर्थिक क्रियाकलापहा कमश सुधार हुँदै जाँदा कम्पनीको व्यापार व्यवसायमा बृद्धि भयो।

(ख) कम्पनीको मुख्य आय भनेको आन्तरिक तथा बाह्य पर्ययटकले कम्पनीले संचालन गरेका केवुलकार,जीप लाइन भ्यू टावर लगायतका पर्यटकिय गतिविधिको प्रयोग बाट प्राप्त हुने आय नै हो। आन्तरिक पर्यटनको सकारात्मक बृद्धि तथा छिमेकी मुलुक भारतबाट भ्रमण आउने पर्यटकहरुको संख्यामा भएको उलेख्य सुधारको फलस्वरुप कम्पनी परिशरमा भ्रमणमा आउने पर्यटकहरुको संख्या तुलनात्मक रुपमा बृद्धि भयो।

गं) आन्तरिक तथा बाह्य हवाई उडानमा भएको सहजता तथा विश्वव्यापी रुपमा पर्यटन गतिविधिमा भएको बृद्धिको सकारात्मक प्रभाव नेपालमा पनि देखिन थाल्यो। यसको फलस्वरुप भारतीय तथा अन्य तेश्रो देशका पर्यटकहरुको चहलपहलमा उल्लेख्य सुधार हुदै आएको छ। यसको प्रत्यक्ष प्रभाव कम्पनीको पछिल्लो समयको आयमा हुन गयो।

(घ) कम्पनीको व्यवस्थापन तथा संचालन नेतृत्वको रणनीतिक व्यवस्थापन, प्रतिकूल परिस्थितिमा दृढताका साथ कार्यकुशलता प्रर्दशन गर्ने व्यवस्थापकीय निपूणता, व्यवसायिक दक्षता तथा क्षमता, कर्मचारीहरुको सहयोग र समर्थनको कारण कम्पनीको आयमा बृद्धि भएको छ ।

(ङ) यस अवधिमा ा कम्पनीले संचालनमा ल्याएका विभिन्न पर्यटकिय गतिविधिको प्रयोग तथा भ्रमण र रिसोर्टमा बास बस्न आउने स्वदेशी पर्यटकहरुको सङख्यामा धेरै सुधार भएको छ । जसको प्रत्यक्ष प्रभाव कम्पनीको आयमा देखिन्छ ।

(च) सहवित्तियकरण कर्जा एवम् चालु पूँजीको सावा ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४.संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| चौमासिक आ.व.२०७८/०७९ (२०२१/०२२) | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| चैथो त्रयमास (२०७९ आसाढ ३२, जुलाई १६, २०२२ सम्म) | १,३४३ | ९२४ | १०४९.९० | ७३ | ५,८२३ | २,२२,२५१ |

**५. समस्या तथा चुनौती :-**

**(क) समस्या तथा चुनौतीहरु :**

**(अ) आन्तरिक**

१.यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**(आ) वाह्य**

१. यस प्रतिवेदन तयार गर्ने अवधिको अन्त्य सम्ममा रुस र यूक्रेन बीचको युद्ध र यसबाट सिर्जित असहज परिस्थिति ।
२. पर्यटकिय पूर्वाधारको विकासको कमी ।
३. अप्रत्याशित रुपमा राष्ट्रिय स्तरमा घोषणा हुने निर्णयहरु र यसबाट पर्या-पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव ।
४. , विश्वव्यापी रुपमा भएको मूल्य बृद्धी र सो ले नेपालमा पारेको प्रभाव, देशको आर्थिक र राजनैतिक अवस्था तथा अर्न्तराष्ट्रिय स्तरमा जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
५. विद्युत, इन्धन तथा खाद्य पदार्थमा हुने अप्रत्याशित मूल्य बृद्धि, उपभोग्य पदार्थको मुल्यवृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।

६. देशमा अचानक आईपर्ने असहज परिस्थिति, सरकारका आर्थिक नीतिमा हुने परिवर्तन ।
७. विदेशी विनियम दरमा आउने अप्रत्याशित परिवर्तन ।

**(ख) रणनीति :**

कम्पनी प्रतिको आम जनमानसबाट प्राप्ते सकारात्मक सोच तथा कम्पनीको व्यवस्थापनको कार्यकुशलता तथा समय सापेक्ष रणनीतिको परिणामस्वरुप भ्रमणमा आउने पर्यटकहरुको क्रमिक बृद्धि एवं रिर्सोटमा बास बस्न तथा कार्यक्रम संचालन गर्न आउनेको उल्लेख्य संख्यामा बृद्धि भएको छ । कम्पनीको व्यवसायिक गतिविधिमा बृद्धि गर्न विभिन्न समस्या तथा चुनौती सामाना गर्नुपरेको वर्तमान अवस्थामा पनि कम्पनिले सचालन गरेका विभिन्न पर्यटकिय गतिविधि तथा रिर्सोटमा बस्न आउने पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरीय सेवा तथा अपनाउनुपर्ने सुरक्षा मापदण्डमा स्तरोन्नति, भौतिक पूर्वाधारको स्तर बृद्धि गर्ने तथा व्यवसायिक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गरि कम्पनीको संचालन न्युनतम खर्चमा गर्ने, कम्पनीको संचालन खर्चमा ो मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरुलाई कटौती गर्दै कम्पनीलाई अनुकूल वातावरण बनाई आम्दानीमा बृद्धि गर्न बजार व्यावस्थापन गर्ने तर्फ उच्च प्राथमिकता दिइनेछ । कम्पनीबाट मिति २०७९ श्रावण १ गतेबाट लागु हुने गरि केवलकार सेवाको समयावधीलाई परिवर्तन गरि विहान ८.०० बजेबाट बेलुकी ९.०० बजेसम्म संचालन गर्ने निर्णय गरिएको छ । यसबाट कार्यालय समयपछि संध्याकालीन समयमा केवलकारको यात्रा गर्ने वा रिसोर्ट तथा टप स्टेसनबाट काठमाण्डौ उपत्यकाको रात्रिकालिन दृश्यावलोकन गर्न चाहने यात्रुहरुलाई थप मद्दत पुग्ने विश्वास गरिएको छ ।

## ६. संस्थागत सुशासन :-

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम संम्बन्धी विवरण :

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षणको लागि लेखापरीक्षक छनौट गरि लेखापरीक्षण गराउने गर्दछ , लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन समेत दिने गरेको ।

(ख)कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।

(ग) कम्पनीले नियमनकारी निकायद्धारा जारी गरिएका नियम , विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसुची १

**Chandragiri Hills Limited**
**Kathmandu, Nepal**

**STATEMENT OF UNAUDITED FINANCIAL RESULTS**
**AS ON 16th July 2022**

| Particulars | Upto this Quarter ending on 16th July 2022 (Unaudited) | Upto this Quarter ending on 31st March 2022 (Unaudited) | Corresponding Previous Year Quarter ending on 15th July 2021 (Audited) |
|---|---|---|---|
| **ASSET** | | | |
| **Non-Current Asset** | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 3,011,862,310 | 3,036,309,796 | 3,096,113,022 |
| (ii) Intangible Asset | 4,563,950 | 4,563,950 | 4,362,260 |
| (ii) Capital Work in Progress | 28,344,669 | 25,830,908 | 15,369,812 |
| (b) Long term Investment | 258,100,000 | 238,100,000 | 209,300,000 |
| Deferred tax asset | 4,000,054 | 4,000,054 | 4,000,054 |
| **Total of Non- Current Asset** | **3,306,870,983** | **3,308,804,708** | **3,329,145,148** |
| **Current Assets** | | | |
| (a) Inventories | 18,748,872 | 30,043,336 | 23,398,810 |
| (b) Account Receivables | 24,515,599 | 32,353,353 | 16,047,429 |
| (c) Cash & Cash Equivalent | 53,391,440 | 13,876,119 | 95,271,057 |
| (d) Loans & Advances | 144,955,680 | 121,354,448 | 132,950,353 |
| (e) Other Current Assets | 53,081,411 | 75,272,155 | 104,296,690 |
| **Total of Current Asset** | **294,693,002** | **272,899,411** | **371,964,339** |
| **Total Asset** | **3,601,563,984** | **3,581,704,119** | **3,701,109,487** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity, Reserve and Surplus** | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Reserve and Surplus | (394,436,308) | (449,414,286) | (412,409,732) |
| **Total Equity, Reserve and Surplus** | **1,139,654,692** | **1,084,676,714** | **1,121,681,268** |
| **Non- Current Liabilities** | | | |
| (a) Long-term borrowings | 2,363,512,949 | 2,387,797,949 | 2,432,842,949 |
| (b) Deferred Tax Liabilities | | | |
| **Total of Non-Current Liabilities** | **2,363,512,949** | **2,387,797,949** | **2,432,842,949** |
| **Current Liabilities** | | | |
| (a) Duties & Taxes | 1,046,843 | 3,743,759 | 4,395,741 |
| (b) Account payable | 28,248,744 | 24,208,605 | 37,184,431 |
| (c) Other Current Liabilities | 69,100,756 | 81,277,091 | 105,005,096 |
| **Total of Current Liabilities** | **98,396,343** | **109,229,455** | **146,585,268** |
| **Total Equity and Liabilities** | **3,601,563,984** | **3,581,704,119** | **3,701,109,487** |

**Chandragiri Hills Limited**
**Thankot, Kathmandu**

**Statement of Profit & Loss for the period ended on 16th July 2022**

| **Particulars** | **Upto this Quarter ending on 16th July 2022 (Unaudited)** | **Upto this Quarter ending on 31st March 2022 (Unaudited)** | **Corresponding Previous Year Quarter ending on 15th July 2021 (Audited)** |
|---|---|---|---|
| Revenue from Operation | 669,848,285 | 420,318,496 | 221,948,824 |
| Cost of sales | 107,259,121 | 74,248,347 | 32,845,553 |
| **Gross Income** | **562,589,165** | **346,070,148** | **189,103,271** |
| Other Income | 5,743,594 | 2,023,315 | 7,466,768 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 85,120,590 | 56,868,960 | 48,805,813 |
| Administrative and Other Expenses | 97,208,058 | 64,096,957 | 74,137,309 |
| **Total Expenses** | **182,328,647** | **120,965,917** | **122,943,122** |
| **Profit Before Interest, Depreciation and Tax** | **386,004,111** | **227,127,546** | **73,626,917** |
| Finance costs | 225,426,665 | 153,819,743 | 195,508,095 |
| **Profit Before Depreciation and Tax** | **160,577,447** | **73,307,803** | **(121,881,179)** |
| Depreciation and Amortization Expenses | 135,000,000 | 102,708,333 | 124,357,573 |
| **Profit before extra ordinary items and taxes** | **25,577,447** | **(29,400,531)** | **(246,238,752)** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax | | | 26,453,595 |
| **Profit (Loss) for the period from continuing operations** | **25,577,447** | **(29,400,531)** | **(272,692,347)** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **25,577,447** | **(29,400,531)** | **(272,692,347)** |
| Earning per equity share: | | | |
| Basic Earning per share | 1.67 | (1.92) | (17.78) |
| Diluted Earning per share | 1.67 | (1.92) | (17.78) |